CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीरामगीता

(उल्था सहित)



रूपान्तरकार

भरतराज शर्मा मन्थलीय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीरामगीता

(उल्था सहित)

मूल रचनाकार

श्रीवेदव्यास

रूपान्तरकार

भरतराजशर्मा 'मन्थलीय'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक:
भरतराजशर्मा 'मन्थलीय'
मन्थलीय – पल्ली
मन्थली, रामेछाप

पहिलो संस्करण : १००० प्रति

विजया दशमी २०५५

सहयोगार्थ रु.: २०।-

(सर्वाधिकार रूपान्तरकारमा सुरक्षित)

पुस्तक पाइने ठेगाना :
घट्टेकुलो डिल्लीबजार,
मन्थलीय पल्ली, मन्थलीय भन्ज्याङ्,
अन्य पुस्तक पसलहरू

कम्प्यूटर टाइप : प्रस्तार सर्भिसेज प्रा. लि.
नयाँ बानेश्वर, फोन नं. ४९३०९२

मुद्रक : लुष प्रेस
बानेश्वर, काठमाडौं,
फोन नं. ४७२५९६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समर्पण

सांसारिक भोगविलासको अशान्तिबाट
पारमार्थिक शान्ति प्राप्तिका निम्ति
छटपटाइरहेका मुमुक्षुहरूका करारविन्दमा

विनीत
लेखक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



प्रसिद्ध जानकी मन्दिर : आस्थाको केन्द्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो सानुतिनु भनोट

श्रीवेदव्यासविरचित अध्यात्मरामायण उत्तरकाण्डमा रहेको श्रीरामगीताको व्याख्या नेपाली वाङ्मयमा पनि विद्वान्हरूले प्रकाशित गरेका छन्, तिनमा अग्रगण्य हो डा. स्वामी रामानन्द गिरिको । त्यस्तै पद्यानुवाद पनि भएका छन्, । तर स्वान्तःसुखाय मलाई पनि अनुवाद गर्न मन लाग्यो र कलम चलाएको हुँ । भगवत्कृपाले चाँडै सकियो पनि । यो अनुवाद मनले चाहेको जस्तो त अझै भएन, तथापि लोकलाई मन परेछ भने प्रयास सफलै भएछ भन्ने संझने छु ।

यसैवेला प्रकाशन खर्च कसरी जुटाऊँ भन्ने चिन्ता पर्दापर्दै अकस्मात् 'नेपाली वाङ्मय प्रतिष्ठान' ले सानै रकम भएपनि महाकविको नामले ठूलो महत्त्व पाएको 'देवकोटा - पुरस्कार' मलाई प्रदान गर्ने निर्णय गरेछ । सबै रामकृपा हो भन्ने लागी आफ्नो प्रयासलाई र प्रतिष्ठानको पुरस्कारलाई सदुपयुक्त पार्ने सौभाग्य पाएकोमा खुशी लागेको छ ।

अरु विशेष भन्नु केही छैन । डा. स्वामी रामानन्द गिरिज्यूले स्थालीपुलाक - न्यायले भए पनि हेरेर सन्तोष प्रकट गरिदिनुभएकाले उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शुभमस्तु ।

श्रीहरिः शरणम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

॥ श्रीपरमात्मने नमः ॥

श्रीरामगीता

(मूल)

नीलोत्पलनिभो रामो
लक्ष्मणः कैरवोपमः ।
मानसे राजतां मे तौ
बोधवैराग्यविग्रहौ ॥

श्रीमहादेव उवाच

ततो जगन्मङ्गलमङ्गलात्मना
विधाय रामायणकीर्तिमुत्तमाम् ।
चचार पूर्वाचरितं रघूत्तमो
राजर्षिवर्यैरभिसेवितं यथा ॥१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

श्रीपरमात्मामा नमस्कार

श्रीरामगीताको उत्था

नीलो कमल झैं राम,
कुमुदोपम लक्ष्मण,
राज हून् मनमा मेरा
ज्ञान - वैराग्यका तन ।

(उपोद्घात)

अन्तर्वत्नी[१] प्रियसहचरी जानकीलाइ त्यागी
एक्लै बाँची विषय - रसमा के हुने व्यर्थ रागी[२]
भन्ने लागी जति जिउनुभो राम बन्दै बिराजी
वार्ता गौरीसँग गिरिशको[३] त्यै चल्यो एकबाजी ॥

सीता त्यागेपछि - जगतको मङ्गलैमङ्गलार्थी,[४]
राखी रामायणमय महाकीर्ति संसार माथि,
पुर्खाले जो अघि अघि गरे, श्रेष्ठ राजर्षिले जो,
गर्दै त्यस्तै रघुकुलमणि व्यस्त भै बस्नुहुन्थ्यो ॥१॥

---

१ गर्भवती । २ लालसी । ३ शिवको
४ मङ्गलै मङ्गल अर्थात् भौतिक कल्याण र आध्यात्मिक कल्याण चाहने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सौमित्रिणा पृष्ट उदारबुद्धिना
रामः कथाः प्राह पुरातनीः शुभाः ।
राज्ञः प्रमत्तस्य नृगस्य शापतो
द्विजस्य तिर्यक्त्वमथाह राघवः ॥२॥

कदाचिदेकान्त उपस्थितं प्रभुं
रामं रमालालितपादपङ्कजम् ।
सौमित्रिरासादितशुद्धभावनः
प्रणम्य भक्त्या विनयान्वितोऽब्रवीत् ॥३॥

त्वं शुद्धबोधोऽसि हि सर्वदेहिना-
मात्माऽस्यधीशोऽसि निराकृतिः स्वयम् ।
प्रतीयसे ज्ञानदृशां महामते
पादाब्जभृङ्गाहितसङ्गसङ्गिनाम् ॥४॥

अहं प्रपन्नोऽस्मि पदाम्बुजं प्रभो
भवापवर्गं तव योगिभावितम् ।
यथाञ्जसाऽज्ञानमपारवारिधिं
सुखं तरिष्यामि तथानुशाधि माम् ॥५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोधी बस्थे लछुमन त्यहाँ, बुद्धिमान् हुन् अपार,
पूर्वेली नै प्रभु शुभ-कथा भन्नुहुन्थ्यो ससार,
लापर्वाही हुनगइ परी विप्रको श्राप[1] छ्वाड्ङ
छेपारो पो 'नृग'[2] हुन पुगे भन्नुभो यो प्रसङ्ग ॥२॥

पैले सीता पदकमलको गर्नुहुन्थ्यो सुसार,
ती स्वामीको विजन थलको वासमा एकबार
आई ढोगे असल दिलका भाइ सौमित्रिजीले[3]
बिन्ती राखे प्रभु हजुरमा भक्तिको नम्रताले ॥३॥

हे सर्वज्ञ ! प्रभु हजुर हो शुद्ध बोध - स्वरूप
अन्तर्यामी सकल जनका, सन्नियन्ता[4] समेत
शून्याकारी[5], -तर कमल झैं पाउमा लठ्ठिएका,
भौंरा जस्ता रसिक जनका चित्तमा प्रस्टिएका ॥४॥

योगी मान्छन् अविरल जहाँ ध्यानको केन्द्रधाम,
त्यस्तो मुक्तिप्रद, कमल झैं पाउमा छु प्रभो ! म,
ठूलो पारै गरिनसकिने सिन्धु अज्ञानको छ
त्यो तर्ने हो सहज कसरी ! पाउँ, दिव्योपदेश ॥५॥

---

१. एक ब्राह्मणलाई दान गरेकी गाई झुक्किएर अर्का ब्राह्मणलाई दान गरिंदा पहिला ब्राह्मणले गरेको सराप ।
२. 'नृग' नामक कुनै राजा ।
३. सुमित्राका छोरा लक्ष्मणजीले ।
४. सबै प्राणीका शरीर र इन्द्रियका नियामक ।
५. निराकार ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रुत्वाऽथ सौमित्रिवचोऽखिलं तदा
प्राह प्रपन्नार्तिहरः प्रसन्नधीः ।
विज्ञानमज्ञानतमःप्रशान्तये
श्रुतिप्रपन्नं क्षितिपालभूषणः ॥६॥

आदौ स्ववर्णाश्रमवर्णिताः क्रियाः
कृत्वा समासादितशुद्धमानसः ।
समाप्य तत्पूर्वमुपात्तसाधनः
समाश्रयेत्सद्गुरुमात्मलब्धये ॥७॥

क्रिया शरीरोद्भवहेतुरादृता
प्रियाप्रियौ तौ भवतः सुरागिणः ।
धर्मेतरौ तत्र पुनः शरीरकं
पुनः क्रिया चक्रवदीर्यते भवः ॥८॥

अज्ञानमेवास्य हि मूलकारणं
तद्धानमेवात्र विधौ विधीयते ।
विद्यैव तन्नाशविधौ पटीयसी
न कर्म तज्ज्यं सविरोधमीरितम् ॥९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेट्नालाई गहन तम त्यो, जो छ अज्ञानरूप,
बाल्नालाई उपनिषदको शुद्ध विज्ञान - दीप,
आएकाको निजशरणमा कष्ट हर्ने नृपेन्द्र,
त्यो बिन्तीमा खुशमन हुँदै बोल्नुभो रामचन्द्र ॥६॥

पैले वर्णाश्रम बिच हुने कर्म पूरा गरेर,
पारी अन्तःकरण तिनले शुद्ध माझी रहेर,
मोक्षार्थीले सब गरिसकी साधनाको[1] तयारी,
जाने हो सद्गुरुशरणमा[2] ज्ञानको भै भिखारी ॥७॥

मानेरै जो अघि हुनगए कर्म राम्रा-नराम्रा,
ती हुन् जन्माउन तन यहाँ कारणीभूत हाम्रा,
रागी बन्दा सुख - दुःख भिजी फेरि भै पुण्य-पाप,
दिन्छन् अर्को जनम, भव[3] नै चक्र जस्तो छ साफ ॥८॥

अज्ञानै हो जनि - मरणका[4] भामरीको निदान,
त्यै मेट्ने हो श्रुति - वचनमा[5] तोकिएको विधान,
त्यो मास्नामा कुशल छ निकै ब्रह्म - विद्या, न कर्म,
जो अज्ञानोत्थित[6] छ, उसको हुन्न उल्टो स्व - धर्म ॥९॥

---

१. साधनचतुष्टय अर्थात् चार साधन, जस्तो कि (क) नित्य र अनित्य वस्तु विवेक (ख) पृथ्वी र स्वर्गका भोगमा वैराग्य (ग) शम, दम, उपरति, तितिक्षा, श्रद्धा र समाधान यी छ सम्पत्ति (घ) मोक्षको चाहना।
२. असल गुरु अर्थात् श्रोत्रिय र ब्रह्मनिष्ठ गुरुका समीपमा।
३. संसार।
४. जन्ममृत्युका।
५. वेदका वाक्यमा।
६. अज्ञानबाट उब्जेको।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाज्ञानहानिर्न च रागसंक्षयो
भवेत्ततः कर्म सदोषमुद्भवेत् ।
ततः पुनः संसृतिरप्यवारिता
तस्माद् बुधो ज्ञानविचारवान्भवेत् ॥१०॥

ननु क्रिया वेदमुखेन चोदिता
तथैव विद्या पुरुषार्थसाधनम् ।
कर्तव्यता प्राणभृतः प्रचोदिता
विद्यासहायत्वमुपैति सा पुनः ॥
कर्माकृतौ दोषमपि श्रुतिर्जगौ
तस्मात्सदाकार्यमिदं मुमुक्षुणा ।
ननु स्वतन्त्रा ध्रुवकार्यकारिणी
विद्या न किञ्चिन्मनसाप्यपेक्षते ॥
न सत्यकार्योऽपि हि यद्वदध्वरः
प्रकाङ्क्षतेऽन्यानपि कारकादिकान् ।
तथैव विद्या विधितः प्रकाशितै-
र्विशिष्यते कर्मभिरेव मुक्तये ॥११-१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मैद्वारा गडल मनका राग, अज्ञान, जान्नन्,
उल्टै तुच्छ क्षणिक फल दी दोषिला मात्र बन्छन्,
देहोत्पत्ति, प्रतिपद क्रिया फेरि संसार टेकी !
यस्तो जानी बुधजन बनून् ज्ञानतर्फै विवेकी ॥१०॥

गर्ने कर्म श्रुति - कथित हो, छैन सन्देह कत्ति,
त्यस्तै ज्ञान श्रुति - वचनले उक्त हो मुक्ति निम्ति,
कर्तव्यै हो सकल जनको मान्नु वेदोक्ति सारा
विद्यालाई पनि प्रगतिका निम्ति हो यो सहारा ॥
कर्माचारै नगरिरहँदा वेदले दोष दिन्छन्
चल्दैजाऊन् श्रुतिवचनमा, जो यहाँ मोक्ष खोज्छन्,
'मुक्तै पार्ने तर छ असली ब्रह्म - विद्या स्वतन्त्र,
जो अर्काको मदत मनले सम्म चाहन्न भित्र' ॥
यस्तो भन्छन् कति, तर कहाँ ठीक हो ! यज्ञ आदि
गर्दा जस्तो अरु पनि कति स्पृह्य[1] छन् कारकादि[2]
त्यस्तै ज्ञान श्रुति - विहित नै कर्मको मार्ग चाली
मुक्ति प्राप्ति प्रति बहुत नै हुन्छ सामर्थ्यशाली ॥११-१३॥

---

१. चाहिने (स्पृहणीय) ।

२. गर्ने (कारक) आदी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केचिद्वदन्तीति वितर्कवादिन-
स्तदप्यसद्दृष्टविरोधकारणात् ।
देहाभिमानादभिवर्धते क्रिया
विद्या गताऽहङ्कृतितः प्रसिद्धचति ॥१४॥

विशुद्धविज्ञानविरोचनाञ्चिता
विद्याऽऽत्मवृत्तिश्चरमेति भण्यते ।
उदेति कर्माखिलकारकादिभि-
र्निहन्ति विद्याऽखिलकारकादिकम् ॥१५॥

तस्मात्त्यजेत्कार्यमशेषतः सुधी-
र्विद्याविरोधान्न समुच्चयो भवेत्
आत्मानुसन्धानपरायणः सदा
निवृत्तसर्वेन्द्रियवृत्तिगोचरः ॥१६॥

यावच्छरीरादिषु माययाऽऽत्मधी-
स्तावद्विधेयो विधिवादकर्मणाम् ।
नेतीति वाक्यैरखिलं निषिध्य तज्
ज्ञात्वा परात्मानमथत्यजेत्क्रियाः ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्म ज्ञान द्वय[१] सङ भए हुन्छ मोक्षार्थ शोध[२]
भन्ने सोच्छन् कति, तर असत् तर्क हो - छन् विरोध,
चल्ने हुन्छन् पद - पद क्रिया देहमा भै अहन्ता[३]
ज्ञानावस्था समुदित हुने त्यै अहङ्कार छुट्ता ॥१४॥

शुद्धज्ञानच्छवि - विकसिता[४] अन्तिमा आत्मवृत्ति
अर्थात् ब्रह्मद्युतिमय[५] हुने जो तदाकारवृत्ति[६]
विद्या हो त्यो, थरिथरि क्रिया कारकैबाट उठ्छ ।
विद्या चाहिं स्थिर नरहने कारकैलाइ मास्छ ॥१५॥

फर्की सर्वेन्द्रिय विषयका क्षेत्रदेखिन् सरक्क
लागी आत्मा कुन छ, कसरी जानिने सोचतर्फ
सप्पै त्यागोस् सबुझ मतिमान् स्मार्त[७] र श्रौत[८] कर्म
जो विद्याको विमुख पथमा छन् र मिल्दैन धर्म ॥१६॥

अज्ञानीको तनु तिर जहाँसम्म हो आत्म - बुद्धि,
तैले सम्मन् श्रुतिविधिसितै भैरहून् कर्मसिद्धि,
जानी आत्मा अरु जड बुझी 'नेति नेति' प्रमाण[९]
मानी त्यागून् पनि बुधहरू कर्मपन्थी प्रमाण ॥१७॥

---

१. कर्म र ज्ञानं दुइटै ।
२. शुद्धि संस्कार ।
३. 'अहम्' पन (अहङ्कार) ।
४. विशुद्ध ज्ञानको प्रकाशले उद्भासित ।
५. ब्रह्मको प्रकाशपूर्ण । ६. ब्रह्माकारवृत्ति । ७. शास्त्रमा बताइएको ।
८. वेदमा बताइएको । ९. ब्रह्ममा माया र मायाको प्रपञ्च छैन भन्ने प्रमाण ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदा परात्मात्मविभेदभेदकं
विज्ञानमात्मन्यवभाति भास्वरम् ।
तदैव माया प्रविलीयतेऽञ्जसा
सकारका कारणमात्मसंसृतेः ॥१८॥

श्रुतिप्रमाणाभिविनाशिता च सा
कथं भविष्यत्यपि कार्यकारिणी ।
विज्ञानमात्रादमलाद्वितीयत-
स्तस्मादविद्या न पुनर्भविष्यति ॥१९॥

यदि स्म नष्टा न पुनः प्रसूयते
कर्ताऽहमस्येति मतिः कथं भवेत् ।
तस्मात्स्वतन्त्रा न किमप्यपेक्षते
विद्या विमोक्षाय विभाति केवला ॥२०॥

सा तैत्तिरीयश्रुतिराह सादरं
न्यासं प्रशस्ताखिलकर्मणां स्फुटम् ।
एतावदित्याह च वाजिनां श्रुति-
र्ज्ञानं विमोक्षाय न कर्म साधनम् ॥२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा - जीवस्थित जुन ठूलो भेदको भेद गर्छ,
त्यस्तो ज्योतिर्मय जब हृदाकाशमा ज्ञान फुर्छ,
जीवात्माका जनि - मरणको हेतु माया अवश्य
लुप्तै हुन्छे तब सङ लिई कारकादि स्ववश्य[१] ॥१८॥

ध्वस्तै पार्दा श्रुति - वचनको आड पाई प्रमाण
त्यल्ले सक्ली किन र कसरी गर्न कार्य-प्रयाण !
तस्मात् यौटै अमल, परम ज्ञानको ज्योति नेरि
त्यो अज्ञान प्रकट नहुँदाखेरि देखिन्न फेरि ॥१९॥

नष्टै बन्दा प्रकट नहुने रूपमा त्यो अविद्या
'मैं कर्ता' यो कहन कसरी जीवको बुद्धि होला !
क्यैको वास्ता नगरिरहने ज्ञान नै एक विद्या
हो मोक्षार्थ प्रबल जुन हो केवला औ स्वतन्त्रा ॥२०॥

कर्म-त्यागै[२] उचित कहने वेद - वाक्[३] तैत्तिरीय[४]
त्यस्तै भन्नें अझ छ श्रुतिको वाजिशाखा[५] सुगेय,
हो मोक्षार्थ प्रतिपद महासाधन ज्ञान मात्र
ह्वैनन् ती, जे जति कथित हुन् कर्म बारे विचित्र ॥२१॥

---

१. आफ्नै वशवर्ती । ।
२. वेदको अर्थवाद भागद्वारा प्रशंसित सम्पूर्ण कर्महरूको त्याग ।
३. वेदवाणी
४. तैत्तरीयोपनिषद् ।
५. वाजसनेयशाखा (वृहदारण्यकोपनिषद्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यासमत्वेन तु दर्शितस्त्वया
क्रतुर्न दृष्टान्त उदाहृतः समः ।
फलैः पृथक्त्वाद्बहुकारकैः क्रतुः
संसाध्यते ज्ञानमतो विपर्ययम् ॥२२॥

सप्रत्यवायो ह्यहमित्यनात्मधी-
रज्ञप्रसिद्धा न तु तत्त्वदर्शिनः ।
तस्माद् बुधैस्त्याज्यमविक्रियात्मभि-
र्विधानतः कर्म विधिप्रकाशितम् ॥२३॥

श्रद्धान्वितस्तत्त्वमसीति वाक्यतो
गुरोः प्रसादादपि शुद्धमानसः ।
विज्ञाय चैकात्म्यमथात्मजीवयोः
सुखी भवेन्मेरुरिवाप्रकम्पनः ॥२४॥

आदौ पदार्थावगतिर्हि कारणं
वाक्यार्थविज्ञानविधौ विधानतः ।
तत्त्वम्पदार्थौ परमात्मजीवका-
वसीति चैकात्म्यमथानयोर्भवेत् ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राखे यज्ञ प्रभृति नबुझी एक दृष्टान्ततामा
के हुन्थ्यो त्यो पनि उचित रे ! ज्ञानको तुल्यतामा,
दोटैका छन् फल, जननका हेतु वा रूप भिन्न
हुन्छन् सिद्ध क्रतु[1] बहु[2] लिई कारक, ज्ञान हुन्न ॥२२॥

'छाडें मैले श्रुति - विहित ती कर्म, लाग्नेछ पाप ।'
भन्ने बुद्धि व्यवहृत[3] छ भै अज्ञमा खाप - खाप,
तत्त्वज्ञाता जुन छ उसमा हुन्न त्यो, यै बुझेर
कर्मै छाडून् सविधि बुधले निर्विकारी बनेर ॥२३॥

श्रद्धा राखी अतिशय सफा चित्त पारी पवित्र
पाई स्नेही गुरु - वदनतः[4] तत्त्वमस्यादिमन्त्र,[5]
जानी ऐक्य[6] स्फुरितमतिमान्[7] जीव आत्मा - दुवैको
होऊन् सुक्खी, कनकगिरि[8] झैं भै अकम्पी[9] सधैंको ॥२४॥

पैले जान्ने सकल पदको अर्थ वाक्यार्थ जान्न,
बुझ्ने तत् - त्वम् - असि पदहरू यो महावाक्य बुझ्न
तत् आत्मा हो परम,[10] अनि यो जीव हो त्वम् पदार्थ,
दोटै जोड्ने 'असि' पद हुँदा अर्थ - जीवात्म - ऐक्य[11] ॥२५॥

---

१. यज्ञ । २. धेरै । ३. व्यवहारमा चलेको ।
४. गुरुका मुखबाट ।
५. 'तत्त्वमसि' यो पहिलो मन्त्र (तत्त्वमसि नै आदि मन्त्र) ।
६. एकता । ७. बुद्धि फुरेको मानिसले ।
८. सुनको पर्वत-(सुमेरु पर्वत) ।
९. नकाँप्ने । १०. परमात्मा
११. 'जीव र परमात्माको एकता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्यक्परोक्षादिविरोधमात्मनो-
र्विहाय संगृह्य च तयोश्चिदात्मताम् ।
संशोधितां लक्षणया च लक्षितां
ज्ञात्वा स्वमात्मानमथाद्वयो भवेत् ॥२६॥

एकात्मकत्वाज्जहती न सम्भवे-
त्तथाऽजहल्लक्षणता विरोधतः ।
सोऽयं पदार्थाविव भागलक्षणा
युज्येत तत्त्वं पदयोरदोषतः ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छाडी आत्मद्वय बिच हुने भेद प्रत्यक् - परोक्ष[१]
मानी त्यो चित्,[२] जुन छ दुइमै, लक्षणाबाट एक,
त्यागी वाच्यार्थ र चहकिई मुख्य लक्ष्यार्थ - दीप
जानी आफैंकन बुध बनोस् ब्रह्ममा एक रूप ॥२६॥

'तत् - त्वम् एकाम्य छ र 'जहती लक्षणा' के हुने नि !'
छन् वाच्यार्थै फरक, 'अजहल्लक्षणा' झन् कहाँ नि !
'त्यो यो', भन्ने युगल पदको अर्थकै तुल्य 'तत् - त्वम्'
यी दोटाको 'जहयाजहती' बाट एकत्व जानून् ।
मायाका क्यै विभव प्रभुले, जीवले पञ्च कोश
छाड्दा बाँकी जुन छ रहने, मिल्छ त्यो चेतनांश,
सर्वज्ञत्व प्रकृति कसरी नत्र अल्पज्ञतामा
मिल्ने होला ! तर यति हुँदा छन् दुवै एकतामा ॥२७॥[क]

---

१. प्रत्यक्ष (सामुन्ने) र परोक्ष (पछाडि) । २. चेतना ।
गीताप्रेस गोरखपुर अनुसार –
(क) शब्दहरूको वाच्यार्थ अर्थात् तिनका शक्तिवृत्ति वाट सिद्ध हुने अर्थ छाडेर अर्को अर्थ सम्झनु 'लक्षणावृत्ति' हो । यो वृत्ति 'जहती' 'अजहती' र 'जहत्यजहती' गरेर तीन किसिमका छन् । 'जहती' मा वाच्यार्थ छाडेर नयाँ नै अर्थ लिइन्छ , जस्तो 'गङ्गायां घोषः' - गङ्गामा गोठ छ भन्दा वाच्यार्थ हुन्छ - गङ्गाको पानी मै गोठ छ तर त्यसो नबुझेर गङ्गाको तीरमा गोठ छ भन्ने बुझनुपर्छ । त्यस्तै 'तत्' र 'त्वम्' पदको वाच्यार्थ 'ईश्वर' र 'जीव' लाई त्याग गर्दा ती दुवैका चेतनको पनि त्याग हुन्छ । खोजेको हो चेतनको एकता । त्यसैले 'जहती लक्षणा' बाट यी पदका अर्थको एकता हुँदैन ।'अजहती लक्षणा' मा वाच्यार्थ नत्यागीकन त्याका साथ अरु अर्थ पनि लिइन्छ, जस्तो- 'काकेभ्यो दधि रक्षताम्, - कागहरूबाट दही जोगाऊ, भन्दा कागहरूबाट मात्र होइन कि अरु कुकुर विराला आदिबाट पनि त्यो जोगाऊ, भन्ने बुझनुपर्छ । यहाँ 'तत्' र 'त्वम्' पदको वाच्यार्थमा फरक (विरोध) छ । अरु अर्थ मिलाउँदा पनि त्यो विरोध जाँदैन । त्यसैले 'अजहल्लक्षणा' बाट पनि एकता सिद्ध हुन सक्दैन । यी दुवैका अतिरिक्त जहाँ केही अर्थ लिइन्छ, केही छाडिन्छ, त्यो 'जहत्यजहती' (भाग त्याग) लक्षणा हुन्छ, जस्तो सोऽयम् त्यो यो हो भन्दा अयम् पदबाट भनिने पदार्थको अपरोक्षता र 'सः' पदको वाच्य पदार्थको परोक्षता को त्याग गरेर यी दुवैबाट रहित जो निर्विशेष पदार्थ छ, त्यसको एकता भन्नु पर्छ । यसैगरी तत् पदको वाच्य 'ईश्वर' को गुण सर्वज्ञता, परोक्षता आदि र त्वम् पदको वाच्य 'जीव' को गुण अल्पज्ञता, प्रत्यक्षता आदि छाडेर चेतनांशमा एकता बुझ्नु पर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रसादिपञ्चीकृतभूतसम्भवं
भोगालयं दुःखसुखादिकर्मणाम् ।
शरीरमाद्यन्तवदादिकर्मजं
मायामयं स्थूलमुपाधिमात्मनः ॥
सूक्ष्मं मनो बुद्धिदशेन्द्रियैर्युतं
प्राणैरपञ्चीकृतभूतसम्भवम् ।
भोक्तुः सुखादेरनुसाधनं भवे-
च्छरीरमन्यद्विदुरात्मनो बुधाः ॥२८-२९॥

अनाद्यनिर्वाच्यमपीह कारणं
मायाप्रधानं तु परं शरीरकम् ।
उपाधिभेदात्तु यतः पृथक् स्थितं
स्वात्मानमात्मन्यवधारयेत्क्रमान् ॥३०॥

कोशेष्वयं तेषु तु तत्तदाकृति-
र्विभाति सङ्गात्स्फटिकोपलो यथा ।
असङ्गरूपोऽयमजो यतोऽद्वयो
विज्ञायतेऽस्मिन्परितो विचारिते ॥३१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो ज्यू पञ्चीकृत[1] सब महाभूतको पिण्ड नामी
भोगस्थानी सुख र दुखको, जन्मि - मर्ने बिकामी
प्राक्-कर्मैको उपज पनि हो एक, माया विकार,
स्थूलोपाधि प्रथम कहिने जीव गर्ने बहाल ॥
अर्को बुद्धीन्द्रिय,मन, सबै प्राणले युक्त सूक्ष्म
जो हो पञ्चीकृत बिनु[2] महाभूतले प्राप्तजन्म,
जो भोक्ताका सुख र दुःखको साधन, ज्ञान गर्ने,
जीवात्माका दुइ तनु यिनै, जान्दछन् शास्त्र जान्ने ॥२८-२९॥

यस्तो भन्नै पनि नसकिने जीवको आदिहीन ।
तेस्रो हो कारण[3] पर[4] तनू अन्य माया[5],प्रधान[6],
माया, अन्तःकरण यिनको भेदले भिन्नवर्ती
आफू जानी क्रमसित, हवोस् जीव नै ब्रह्म साक्षी ॥३०॥

आत्मा अन्नादिक थरिथरी कोशमा[7] पर्नुबाट
शोभा लिन्छ स्फटिक मणि झैं भै तदाकार, छाँट,
यो निःसङ्गी जनम नलिने, हो नि ! अद्वैत, नित्य,
यो वाक्यैमा[8] अलि गहिरिई सोचिए खुल्छ सत्य ॥३१॥

---

१. पृथ्वी, जल, तेज, वायु र आकाश यी पाँच महाभौतिक पदार्थहरू यथोचित विभाजित भएर बनेको । पंञ्चीकरणको विस्तृत अर्थ अन्यत्र हेर्नुपर्छ ।
२. विना (रहित) ।
३. कारण नामक (सम्पूर्ण प्रपञ्चको परिणामी उपादान कारण) ।
४. उत्कृष्ट (पर नामक)
५ माया नामक ।
६. प्रधान नामले प्रसिद्ध, सबै कारण शरीरका नामहरू ।
७. अन्नमय कोश, प्राणमय कोश, मनोमय कोश, विज्ञानमय कोश र आनन्दमय कोश यी पञ्चकोशमा ।
८. महावाक्य (तत्त्वमसि) मा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धेस्त्रिधा वृत्तिरपीह दृश्यते
स्वप्नादिभेदेन गुणत्रयात्मनः ।
अन्योन्यतोऽस्मिन्व्यभिचारतो मृषा
नित्ये परे ब्रह्मणि केवले शिवे ॥३२॥

देहेन्द्रियप्राणमनश्चिदात्मनां
सङ्घादजस्रं परिवर्तते धियः ।
वृत्तिस्तमोमूलतयाऽज्ञलक्षणा
यावद्भवेत्तावदसौ भवोद्भवः ॥३३॥

नेतिप्रमाणेन निराकृताखिलो
हृदा समास्वादितचिद्घनामृतः ।
त्यजेदशेषं जगदात्तसद्रसं
पीत्वा यथाऽम्भः प्रजहाति तत्फलम् ॥३४॥

कदाचिदात्मा न मृतो न जायते
न क्षीयते नापि विवर्धतेऽनवः ।
निरस्तसर्वातिशयः सुखात्मकः
स्वयम्प्रभः सर्वगतोऽयमद्वयः ॥३५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीनैओटा गुणहरु हुने बुद्धिका स्वप्न आदि
तीनै वृत्ति प्रथित जुन छन्, किन्तु अन्योन्यमा ती
यौटा खुल्दा दुइ नरहने भैदिंदा, सर्व मिथ्या !
कल्याणात्मा परम प्रभुमा छन् तिनै कल्पितास्था ॥३२॥

अध्यासैले तन, मन तथा इन्द्रिय, प्राण, चित्को,
जो उत्पन्ना तमस जगमा, रूप अज्ञानको जो,
त्यो धीवृत्ति[1] भ्रमित जहिले सम्म भै नै रहन्छ,
तैले सम्मन् जनि - मृतिदशा जीवको भैरहन्छ ॥३३॥

पन्छाई यो अखिल कहँदै 'नेति नेति' प्रमाण[2],
ब्रह्मानन्दामृत हृदयले पान गर्दै तमाम,
आत्मारूपी रस लिइसकी त्याग्नु संसार - खेल
जस्तो अन्तर्जल[3] पिइसकी फाल्नु हो नारिकेल[4] ॥३४॥

आत्मा कैल्यै पनि मृत न वा जात भन्ने हुँदैन,
घट्ने-बढ्ने न छ, विकृतिमा आउने हुन्न नूल्[5]
यल्ले अस्त्याउँछ सब अनात्मत्ववर्ती महत्त्व[6]
आफैं ज्योतिर्मय, सुखमय, व्याप्त, अद्वैत, सत्य ॥३५॥

---

१. बुद्धिवृत्ति ।
२. ब्रह्ममा माया र मायाको प्रपञ्च छैन भन्ने प्रमाण ।
३. भित्रको पानी
४. नरिवल फल ।
५. नयाँ ।
६. शरीर, इन्द्रिय, मन र बुद्धि यस्ता अनात्म वस्तुमा रहेको महिमालाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवंविधे ज्ञानमये सुखात्मके
कथं भवो दुःखमयः प्रतीयते ।
अज्ञानतोऽध्यासवशात्प्रकाशते
ज्ञाने विलीयेत विरोधतः क्षणात् ॥३६॥

यदन्यदन्यत्र विभाव्यते भ्रमा-
दध्यासमित्याहुरमुं विपश्चितः ।
असर्पभूतेऽहिविभावनं यथा
रज्ज्वादिके तद्वदपीश्वरे जगत् ॥३७॥

विकल्पमायारहिते चिदात्मकेऽ-
हङ्कार एष प्रथमः प्रकल्पितः ।
अध्यास एवात्मनि सर्वकारणे
निरामये ब्रह्मणि केवले परे ॥३८॥

इच्छादिरागादिसुखादिधर्मिकाः
सदा धियः संसृतिहेतवः परे ।
यस्मात्प्रसुप्तौ तदभावतः परः
सुखस्वरूपेण विभाव्यते हि नः ॥३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो ज्ञानात्मक सुखमय ब्रह्ममा अस्तव्यस्त
दुःखात्मा यो जगत कसरी बन्न सक्ने प्रतीत ।
आत्मज्ञानै नभइरहँदा उठ्छ अध्यास मात्र,
त्यल्ले हो यो भ्रम, तर जगत् ज्ञानले हुन्छ लुप्त ॥३६॥

देखापर्ने जुन छ भ्रमले एकमा अन्य रूप,
त्यो 'अध्यास' प्रबुध जनले मानिएको स्वरूप
जस्तो डोरी भुजग छ कहाँ ! भ्रान्तिले सर्प हुन्छ,
त्यस्तै हो - यो जगत जगतीनाथमा भान हुन्छ ॥३७॥

जो मायाले रहित छ सधैं, एउटै निर्विकल्प,
जो स्रोतै हो सवकन, विना तापको चित्स्वरूप,
त्यो व्याप्तामा परम ! उसमा सृष्टिको कल्पनामा
भो अध्यास प्रकट पहिले यो 'अहङ्कार' नामा ॥३८॥

इच्छा, राग प्रभृति, सुख वा दुःख जो बुद्धि - वृत्ति,
ती सारा नै जनि - मरणका हेतु हुन् जीव निम्ति,
गाढा निद्रा[1] बिच भइ सबै लीन, क्यै वृत्ति हुन्न
त्यो वेलामा सुखमय पर - ब्रह्मको हुन्छ भान ॥३९॥

---

१. सुषुप्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनाद्यविद्योद्भवबुद्धिबिम्बितो
जीवः प्रकाशोऽयमितीर्यते चितः ।
आत्माधियः साक्षितया पृथक् स्थितो
बुद्धचा परिच्छिन्नपरः स एव हि ॥४०॥

चिद्बिम्बसाक्षात्मधियां प्रसङ्गत-
स्त्वेकत्र वासादनलाक्तलोहवत् ।
अन्योन्यमध्यासवशात्प्रतीयते
जडाजडत्वं च चिदात्मचेतसोः ॥४१॥

गुरोः सकाशादपि वेदवाक्यतः
सञ्जातविद्यानुभवो निरीक्ष्य तम्
स्वात्मानमात्मस्थमुपाधिवर्जितं
त्यजेदशेषं जडमात्मगोचरम् ॥४२॥

प्रकाशरूपोऽहमजोऽहमद्वयोऽ-
सकृद्विभातोऽहमतीव निर्मलः ।
विशुद्धविज्ञानघनो निरामयः
सम्पूर्ण आनन्दमयोऽहमक्रियः ॥४३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जन्मिन्छे यो मति भइदिंदा जन्मदात्री अविद्या,
जीवात्मा भो त्यस मति विषे चेतनाभास[१] पर्दा,
बेग्लै बस्ने जब छ मतिको साक्षिरूपी परात्मा
छुन्नन् कैल्यै पनि त मतिका धर्मले, त्यै छ आत्मा ॥४०॥

जो चित् - छाया, मन,मति तथा इन्द्रियै भै सकाश[२]
छन् अध्यस्त प्रदिपद सबै पाइ तादात्म्य - भास,
त्यै हो पार्ने पनि मति चिदाभासमा चित् - जडत्व,
जस्तो लोहा अनि अनलमा सर्छ अन्योन्य सत्त्व ॥४१॥

प्रकारान्तरमा :

एकै ठाउँ स्थित हुन गई जीव बुद्धीन्द्रियादि
ती आफैमा प्रतिपद हुँदा गाढ तादात्म्य आदि
जीवैमा भो जडपन सरी बुद्धिमा चेतनत्व
जस्तो लोहा अनि अनलमा सर्छ अन्योन्य सत्त्व ॥

सेवाद्वारा गुरु - चरणमा वेदका उक्तिबाट
ब्राह्मी विद्या अनुभव गरी भित्र खोली कपाट ।
हेरी आत्म - स्थित निजकनै जो विना ताप बस्छ
छाडोस् सर्वेन्द्रिय विषय यो जो अनात्मा जडै छ ॥४२॥

आफैं ज्योतिर्मय छु, अज छु, एक, नित्य प्रकाश,
पर्दा[३] छैनन्, न छ खलबली पार्न विक्षेप दोष,
त्यस्तै छैनन् पनि विधि, क्रिया, ज्ञानको शुद्धरूप,
छु स्वानन्द[४], त्रिविध[५] न त छन् ताप, हूँ पूर्ण व्याप्त ॥४३॥

---

१. चेतनको आभास (प्रतिबिम्ब) ।
२. नजीक । ३. आवरण
४. आफैं आनन्दस्वरूप ।
५. तीन प्रकारका - आधिभौतिक, आधिदैविक र अध्यात्मिक - यी तीन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदैव मुक्तोऽहमचिन्त्यशक्तिमा-
नतीन्द्रियज्ञानमविक्रयात्मकः ।
अनन्तपारोऽहमहर्निशं बुधै-
र्विभावितोऽहं हृदि वेदवादिभिः ॥४४॥

एवं सदात्मानमखण्डितात्मना
विचारमाणस्य विशुद्धभावना ।
हन्यादविद्यामचिरेण कारकै
रसायनं यद्वदुपासितं रुजः ॥४५॥

विविक्त आसीन उपारतेन्द्रियो
विनिर्जितात्मा विमलान्तराशयः ।
विभावयेदेकमनन्यसाधनो
विज्ञानदृक्केवल आत्मसंस्थितः ॥४६॥

विश्वं यदेतत्पञ्चमात्मदर्शनं
विलापयेदात्मनि सर्वकारणे ।
पूर्णश्चिदानन्दमयोऽवतिष्ठते
न वेद बाह्यं नु च किञ्चिदान्तरम् ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर्कातीत[१] प्रबल छु लिई शक्ति माया, छु मुक्त,
अन्तर्बाह्येन्द्रिय - जनित[२] त्यो ज्ञानले हुन्न प्राप्त,
अन्त्यावस्था[३], अवधि, नहुने, हूँ विकारै नभा'को[४],
वेद-ज्ञाता नित हृदयमा गर्दछन् ध्यान मेरो ॥४४॥

आत्मा बारे हरदम सदा यस्तरी नै अटूट
सोच्ता अन्तःकरणतलमा भावना भै अखोट
जाला चाँडो तम[५] सङ लिई कारकादि प्रशस्तै
सेवा गर्दा सनियम कुनै ओखती, रोग जस्तै ॥४५॥

बस्ने राम्रैसित विजनमा, इन्द्रिय क्षेत्रबाट
खिंच्ने, जित्ने मन पनि, हुने आत्म - संस्थ प्रकृष्ट[६]
माभ्ने अन्तःकरण, नलिने अन्य क्यै साधनादि
होवोस् ध्यानी अनुभवमय - ज्ञान - चक्षु[७] स्वसाधी[८] ॥४६॥

ब्रह्माण्डै हो परम प्रभुका ज्योतिले भाँसमान
भन्ने जानीकन अखिलका स्रोतमा यो विलीन
पार्नेलाई अतिशय चिदानन्द फुर्ला यथार्थ
थाहै हुन्नन् अनि त उसमा बाह्य - अन्तः पदार्थ[९] ॥४७॥

---

१. अचिन्त्य ।
२. मन अन्तर इन्द्रिय, चक्षु आदि बहिरिन्द्रिय - यी दुवैबाट उत्पन्न ।
३. नाश ।
४. नभएको ।
५. अज्ञान (अविद्या) ।
६. अत्यन्त
७. अनुभवरूपी ज्ञान नै आँखा भएको
८. आत्मसाधन गर्ने (साधक) ।
९. बाहिर र भित्रको पदार्थ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वं समाधेरखिलं विचिन्तये-
दोङ्कारमात्रं सचराचरं जगत् ।
तदेव वाच्यं प्रणवो हि वाचको
विभाव्यतेऽज्ञानवशान्न बोधतः ॥४८॥

अकारसंज्ञः पुरुषो हि विश्वको
ह्युकारकस्तैजस ईर्यते क्रमात् ।
प्राज्ञो मकारः परिपठ्यतेऽखिलैः
समाधिपूर्वं न तु तत्त्वतो भवेत् ॥४९॥

विश्वं त्वकारं पुरुषं विलापये-
दुकारमध्ये बहुधा व्यवस्थितम् ।
ततो मकारे प्रविलाप्य तैजसं
द्वितीयवर्णं प्रणवस्य चान्तिमे ॥५०॥

मकारमप्यात्मनि चिद्घने परे
विलापयेत्प्राज्ञमपीह कारणम् ।
सोऽहं परं ब्रह्म सदा विमुक्तिमद्
विज्ञानदृङ्मुक्त उपाधितोऽमलः ॥५१॥

एवं सदा जातपरात्मभावनः
स्वानन्दतुष्टः परिविस्मृताखिलः ।
आस्ते स नित्यात्मसुखप्रकाशकः
साक्षाद्विमुक्तोऽचलवारिसिन्धुवत् ॥५२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो सोचोस् पुरुष पहिल्यै कस्न लाग्दा समाधि -
ओंकारै हो चर - अचरको विश्व - भू, व्योम आदि,
त्यै हो वाच्य, प्रणव त्यसको वाचक, द्वैध रीति[1]
अज्ञानैले चलित छ, भए ज्ञान हुन्न प्रतीति ॥४८॥

ओं (ॐ) का जो छन् अ, उ, म, तिनमा विश्वजाग्रत् 'अ' नामा,
स्वप्नाको तैजस पुरुष हो वर्ण दोस्रो 'उ' नामा,
अत्तोपत्तो नभइ सुतिने नीदको[2] प्राज्ञ हो 'म'
यस्तो भन्छन् विदित नहुँदा तत्त्व जान्दा हुँदैन ॥४९॥

नानारूप - स्थित 'अ' पुरुषै लीन पार्ने 'उ' मा हो,
दोस्रो जो तैजस 'उ' छ त्यही लीन पार्ने 'म' मा हो,
लीनै पार्ने अनि त चितिमा[3] कारणात्मा 'म' सम्म,
सोऽहम् सम्झी विमल मनले जान्नु 'आफैं' छु ब्रह्म ॥५०-५१॥

आत्मा-जीव प्रति हरघडी ऐक्यको भावनामा,
बिर्सी आत्मेतर[4] सब, निजानन्दको तुष्टतामा -
बस्छन् आत्मानुभव सुख ली मुक्त आलोक - युक्त,
हुन्छन् शान्त, स्थिर जलधि झैं, जो छ कल्लोलमुक्त[5] ॥५२॥

१.दुई प्रकारको रीति (वाच्य र वाचक)।
२.सुषुप्तिको
३. चेतन ब्रह्ममा।
४. आत्मादेखि इतर (वाहेक)
५. छाल, प्रवाह नभएको।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं सदाऽभ्यस्तसमाधियोगिनो
निवृत्तसर्वेन्द्रियगोचरस्य हि ।
विनिर्जिताशेषरिपोरहं सदा
दृश्यो भवेयं जितषड्गुणात्मनः ॥५३॥

ध्यात्वैवमात्मानमहर्निशं मुनि-
स्तिष्ठेत्सदा मुक्तसमस्तबन्धनः ।
प्रारब्धमश्नन्नभिमानवर्जितो
मय्येव साक्षात्प्रविलीयते ततः ॥५४॥

आदौ च मध्ये च तथैव चान्ततो
भवं विदित्वा भयशोककारणम् ।
हित्वा समस्तं विधिवादचोदितं
भजेत्स्वमात्मानमथाखिलात्मनाम् ॥५५॥

आत्मन्यभेदेन विभावयन्निदं
भवत्यभेदेन मयात्मना तदा ।
यथा जलं वारिनिधौ यथा पयः
क्षीरे वियद्वच्चोम्न्यनिले यथानिलः ॥५६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो अभ्यासी दिनहुँ छ समाधिस्थ[1] बन्ना निमित्त
फर्केका छन् सकल जसका इन्द्रिय क्षेत्र लिप्त[2]
काम क्रोधादि छ रिपुजयी[3] धीर सद्योगनिष्ठ
त्यो योगीको वश भइ सदा चित्तमा हुन्छु दृष्ट ॥५३॥

एवं रीत्या निशिदिन गरी ध्यान आत्मा -स्वयम्को,
तोडी नानाथरि विषयको शृङ्खला बाँधिएको,
भोगी पूर्वार्जित फल[4] हुँदै कर्तृ - भोक्तृत्वहीन[5]
बस्ने हुन्छन् बुधवर ममै लीन, त्यै ब्रह्मलीन ॥५४॥

जानी तीनै समय - शुरुमा, बीचमा, आखिरीमा,
विश्वैलाई अधिक भय औ शोकको हेतुतामा,
त्यागी सारा श्रुति - वचनका कर्म, प्राणीहरूका
अन्तर्यामीकन जन भजोस् जो चिदात्मा स्वयंका ॥५५॥

जस्तो मिल्छन् जल जलधिमा, दूधमा दूध जस्तो,
आकाशैमा सगर सरि वा वायुमा वायु जस्तो,
त्यस्तै यस्तो जगत न कतै आत्मभिन्नस्वरूप
भन्ने सोचे सहज मसँगै जीव तादात्म्य लिन्छ ॥५६॥

---

१. समाधिमा रहेको ।
२. आ - आफ्ना विषयमा आसक्त भएका ।
३. काम, क्रोध, आदि अर्थात् काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य यी शत्रुहरूलाई जित्ने ।
४. प्रारब्ध फल ।
५. कर्ता र भोक्ता हुँ भन्ने अहङ्कार नभएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्थं यदीक्षेत हि लोकसंस्थितो
जगन्मृषैवेति विभावयन्मुनिः ।
निराकृतत्वाच्छ्रुतियुक्तिमानतो
यथेन्दुभेदो दिशि दिग्भ्रमादयः ॥५७॥

यावन्न पश्येदखिलं मदात्मकं
तावन्मदाराधनतत्परो भवेत् ।
श्रद्धालुरत्यूर्जितभक्तिलक्षणो
यस्तस्य दृश्योऽहमहर्निशं हृदि ॥५८॥

रहस्यमेतच्छ्रुतिसारसङ्ग्रहं
मया विनिश्चित्य तवोदितं प्रिय ।
यस्त्वेतदालोचयतीह बुद्धिमान्
स मुच्यते पातकराशिभिः क्षणात् ॥५९॥

भ्रातर्यदीदं परिदृश्यते जग-
न्मायैव सर्वं परिहृत्य चेतसा ।
मद्भावनाभावितशुद्धमानसः
सुखी भवानन्दमयो निरामयः ॥६०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवात्मामा फरक नभनी ऐक्यदेखी रहेर
साक्षी मात्रै भइ विषयमा लग्न जस्तो बनेर
मिथ्या मान्छन् जगत मुनि,[1] भै वेद, युक्ति, प्रमाण,
जस्तो हुन्नन् बुधकन दुई चन्द्र - दिग्भ्रान्तितान[2] ॥५७॥

जैलेसम्मन् अखिल जगती रूप मानिन्न मेरो,
तैलेसम्मन् हरदम गरोस् भक्त सेवादि मेरो,
जल्ले श्रद्धा अतिशय गरी गर्छ भक्ति प्रकाम[3]
त्यल्ले रातोदिन हृदयमा देखिने दृश्य हूँ म ॥५८॥

प्यारा भाइ ! श्रुतिखचित[4] यो सार गुप्ती कुरो हो,
पक्का मानीकन जुन तिमीलाई मैलै भनेको,
जल्ले गर्ला मनन यसको, बुद्धिमान् त्यो मनुष्य
छुट्ला चाँडै कलुषहरुको राशिदेखिन् अवश्य ॥५९॥

जो देखिन्छ प्रकृत जगती, त्यो छ माया विशाल,
यस्तो जानी मन बिच न दी बस्न पन्छाइहाल,
माझी अन्तःकरण पहिले भक्तिका भावनाले
सुक्खी होऊ अनुज ! रहितोपाधि[5] आनन्दिताले ॥६०॥

---

१. आत्म - मननशील मानिस ।
२. दुईटा चन्द्रमा देखिनु र दिशाको भ्रान्तिको विस्तार ।
३. ज्यादा ।
४. वेदमा भरिएको ।
५. उपाधि रहित भएको ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यः सेवते मामगुणं गुणात्परं
हृदा कदा वा यदि वा गुणात्मकम् ।
सोऽहं स्वपादाञ्चितरेणुभिः स्पृशन्
पुनाति लोकत्रितयं यथा रविः ॥६१॥

विज्ञानमेतदखिलं श्रुतिसारमेकं
वेदान्तवेद्यचरणेन मयैव गीतम् ।
यः श्रद्धया परिपठेद् गुरुभक्तियुक्तो
मद्रूपमेति यदि मद्वचनेषु भक्तिः ॥६२॥

इति श्रीमदध्यात्मरामायणोत्तरकाण्डान्तर्गता
श्रीरामगीता सम्पूर्णा
हरिः ॐ तत्सत् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जल्ले भज्छ त्रिगुण परको निर्गुणात्मा मलाई
यद् वा कैले सगुण मकनै भक्तिले चित्त छाई,
'सोऽहम्'- त्यो म ! स्वचरण - रजः स्पर्शले[1] सूर्य जस्तै,
त्यल्ले लोकत्रय निशि दिनै पार्छ चोखो प्रशस्तै ॥

यो साधनायुक्त समग्र ज्ञान
हो वेदको मुख्य निचोड, जान !
वेदान्तको वेद्य[2] म नै हुनाले
मैले तिमीलाई बताइहालें ॥

जो पढ्छ राम्रोसित श्रद्धया यो
सद्भक्ति राखी गुरु - पाउमा, त्यों -
राखे मदुक्ति प्रति पूर्ण आस्था
पुग्नेछ मेरै लिन रूप - सत्ता ।

इति श्रीमत् अध्यात्मरामायणको उत्तर काण्ड अन्तर्गत
श्रीरामगीताको पद्यानुवाद यथामति सम्पूर्ण ।
श्रीहरिः शरणम्

(२०५५।७८)
(कार्तिक शुक्लपञ्चमी)

---

१. आफ्ना गोडाका धूलोको स्पर्शले ।
२. जान्न लायक ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखक

जन्म : १९८२ वि. सं.
पिता : श्री भवप्रसाद उपाध्याय
माता : श्रीसोम कुमारी उपाध्याय
जन्मस्थान : मन्थली बेंसी, रामेछाप
शिक्षा : साहित्य शास्त्री काव्यतीर्थ, बी. ए. (अन्तिम वर्ष)

लेखकका कृतिहरू जम्मा – २६
प्रकाशित – १४ १६
संस्कृतमा
१. महेन्द्रोदयम् - महाकाव्यम् - २०१७
२. गिरिवालम् - खण्डकाव्यम् - २०३९
३. मोतिवृत्तम् - खण्डकाव्यम् - २०५१
४. [illegible] २०५६
५. केही स्फुट कविता

नेपालीमा
१. अमरत्वको सन्देश (गीति काव्य) विलियम वर्डसवर्थको Ode on intimations of emmortality from recollections of Early Childhood को पद्यानुवाद
२. गिरिवाला खण्डकाव्य गिरिवालम् साथै प्रकाशित ।
३. देवयानी महाकाव्य -२०२९
४. पहाड र झर्नाको लोक खण्डकाव्य -२०४०
५. व्योमपथ खण्डकाव्य -२०४१
६. मिठ्ठु शोक खण्डकाव्य -२०४३
७. महारामायण एक काव्य -२०५०
८. श्री दक्षिणामूर्ति स्त्रोत्रको अनुवाद -२०५०
९. श्री पतञ्जलि मुनिका योग सूत्रहरू नेपाली सिलोकमा -२०५४
१०. हिजो आजका मनको मथेलो -२०५४
११. कविता, लेख, समालोचनाहरू बहुशः छन्
१२. श्रीरामरक्षा उल्थासहित पद्यमा
१३. [illegible] २०५७
अप्रकाशित – १२

संस्कृतमा
१. खण्डकाव्य - १
२. काव्य व्याख्या - १
३. कविता संग्रह - [illegible]
(कविता, लेख बहुशः)

नेपालीमा
१. [illegible] संग्रह
२. महाकाव्य - १
३. खण्डकाव्य - ४
४. अनुवाद - ३
(संस्कृत पद्यबाट नेपाली पद्यमा र नेपाली पद्यबाट संस्कृत पद्यमा समेत गरी)
५. उपन्यास - १
(कविता, लेख बहुशः)

लेखकले पाएका पदक सम्मानहरू :- गो. द. वा., रत्नश्री पदक, रजत जयन्ती पदक तथा हिडपा, विराटनगर, परिवेश मन्थली, सुनकोशी प्रतिष्ठान आदि बहुशः साहित्यिक प्रतिष्ठानहरूबाट अभिनन्दन एवं उदयानन्द, गुणराज, प्रतिभा (संस्कृति मन्त्रालय) र पाणिनि (विश्व हिन्दू महासंघ) का पुरस्कारहरू । [illegible] नेपाली वाङ्मय प्रतिष्ठानको देवकोटा पुरस्कार पनि । [illegible]

मुद्रक : लुष प्रेस नयाँ बानेश्वर फोन नं. ४७२५९६

Jayatu Sanskritam, Kathmandu, Nepal